मिति २०७६/१२/२२ वैठक संख्याः ४७

आज मिति २०७६/१२/२२ गतेका दिन १२:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

उपस्थिती:

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिती:

श्री गोविन्द प्रसाद पौडेल

श्री संजय शर्मा

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ४७

मिति: २०७६।१२।२२

<u>प्रस्तावहरु</u>

१) समीक्षा, ................

२) कोरोना भाईरस रोकथाम तथा नियन्त्रण कोष स्थापना सम्बन्धमा

३) राहत सामाग्री वितरण सम्बन्धि कार्यविधि, २०७६ सम्बन्धमा

४) क्वारेन्टाईन संचालन सम्बन्धमा

५) खाद्यान्न आपुर्ति सहज वनाउने सम्बन्धमा

६) कृषिजन्य उपजको उत्पादन, आपुर्ति, विक्री वितरण सहज वनाउने सम्बन्धमा

७) एम्बुलेन्स संचालन सम्बन्धमा

८) स्वास्थ्यका कर्मचारीलाई थप सुविधा दिने सम्बन्धमा

९) सुरक्षाकर्मीलाइ थप सुविधा सम्बन्धमा

<u>निर्णयहरु</u>

१) कोरोना भाईरस रोकथाम तथा नियन्त्रणको प्रगतिको वारेमा समीक्षा तथा छलफल गरियो ।

२) हाल विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस रोकथाम तथा नियन्त्रण गर्नको लागि विपद व्यवस्थापन कोषमा रहेको रकम मध्येवाट रु. १००००००। (दश लाख) र खर्च कटौती गरी जुनसुकै शिर्षकवाट रु. १००००००। गरी २००००००। ( विस लाख) को गाउँपालिका कोरोना भाईरस रोकथाम तथा नियन्त्रण कोष स्थापना गर्ने निर्णय गरियो । यस रकमवाट यस अघि भएका र अव हुने तपसिल अनुसारको काममा खर्च गर्ने निर्णय गरियो । संघीय, प्रदेश सरकारको साथै गाउँपालिकालाई नगद सहयोग गर्न चाहने संघ संस्थाहरुवाट प्राप्त रकम यस कोषमा जम्मा गरिनेछ तथा सामान सहयोग गर्न चाहनेले सम्बन्धित वडाका वडा अध्यक्ष मार्फत वितरण गर्नुपर्ने र यसको अभिलेख वडा अध्यक्षले प्रत्येक दिन गाउँपालिकामा पठाउनु पर्नेछ ।

क) सावुन, सेनिटाईजर, मास्क सम्बन्धि खर्च

ख) पि.पि.ई., अक्सिजन लगायतका अति आवश्यक स्वास्थ्य सामाग्रीहरु सम्बन्धि खर्च

ग) क्वारेन्टाईन संचालन सम्बन्धि खर्च

घ) स्वास्थ्यका कर्मचारीहरुलाई र सुरक्षाकर्मीलाई थप काममा खटाउने तथा परिचालन गर्ने क्रममा भएको खाजा, खाना, ईन्धन तथा सवारी साधन मर्मत सम्बन्धि खर्च

रमेश दुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर
अध्यक्ष

ङ) राहत सामान वितरण मापदण्ड वमोजिम वितरण गरिने राहत सामान खरिद तथा ढुवानी सम्बन्धि खर्च

च) औषधि छर्कनु पर्ने भए सो सहित सरसफाई सम्बन्धि कामको खर्च

छ) सावुन पानीले हात धुने कार्यक्रम संचालन खर्च

ज) कोरोना भाईरस रोकथाम तथा नियन्त्रण सम्बन्धि गाउँपालिका स्तरीय समिति, वडा स्तरीय समितिको वैठक संचालन गर्दाको खाजा खर्च । एक वैठकको अधिकतम रु. २०००। (दुई हजार )

झ) कोरोना भाईरस रोकथाम तथा नियन्त्रण सम्बन्धि अन्य जुनसुकै काममा हुने खर्च ।

३) हाल विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस रोकथाम तथा नियन्त्रण गर्नको लागि राहत सामाग्री वितरण सम्बन्धि कार्यविधि, २०७६ स्विकृत गरियो । साथै राहत वितरण गर्न वडा अध्यक्षलाई अधिकार दिई जवाफदेही बनाउने र भुक्तानिको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने र सोको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले भुक्तानी दिने निर्णय गरियो ।

४) २०७६ ।१२। १९ अघि विदेशवाट यस गाउँपालिका क्षेत्रमा प्रवेश गरेका व्यक्तिहरु आ आफ्नो घरमा होम क्वारेन्टाईनमा वसेकाछन । क्वारेन्टाईन संचालन मापदण्ड अनुसारको जनशक्ति र पूवाधार नभए पनि हाल अस्पतालको छुट्टै कोठामा क्वारेन्टाईन संचालन गरि २०७६ ।१२। १९ पछि विदेशवाट यस गाउँपालिका क्षेत्रमा प्रवेश गर्ने व्यक्तिहरुलाई उक्त क्वारेन्टाईनमा राख्ने निर्णय गरियो । साथै उक्त ठाउँले नपुग हुने भएमा कालिका मा.वि.मा राख्ने र क्वारेन्टाईनमा राख्नु पर्ने व्यक्तिलाई क्वारेन्टाईनमा ल्याउन वडा अध्यक्षले सहयोग एवं समन्वय गर्ने निर्णय गरियो ।

५) खाद्यान्न आपुर्ति सहज वनाउनको लागि गाउँपालिकाका सवै वडामा रहेका खाद्यान्न पसलहरुले खाद्यान्न नपुग सामान माग गरेमा थोक विकेतासंग सम्पर्क तथा समन्वय गरि सहजिकरण गर्ने निर्णय गरियो ।

६) कृषिजन्य उपजको उत्पादन, आपुर्ति, विक्री वितरण सहज वनाउनको लागि वडा अध्यक्षले अनुगमन तथा निगरानी राख्ने र वजार व्यवस्थाको लागि पहल गर्ने निर्णय गरियो ।

७) रेडक्रससंग समन्वय गरि कोरोना भाईरस रोकथाम तथा नियन्त्रण नहुँदा सम्म गाउँपालिकालेनै खर्च व्यवस्थापन गरि एम्वुलेन्स संचालन गर्ने निर्णय गरियो ।

८) स्वास्थ्यका कर्मचारीलाई थप सुविधा दिने सम्बन्धमा संघीय सरकारले गरेको निर्णय अनुसार दिने निर्णय गरियो ।

९) कोरोना भाईरस रोकथाम तथा नियन्त्रणको काममा सुरक्षकर्मी थप खटिनु पर्ने भएकोले तपसिल अनुसारको थप सुविधा भुक्तानि दिने निर्णय गरियो ।

तपसिल

१) ईलाका प्रहरी कार्यालय देवघाट, ५ लाई खाजा तथा ईन्धन स्वरुप एकमुष्ठ मासिक रु. १५०००।

२) ईलाका प्रहरी कार्यालय साराङ्गघाट, वन्दीपुरलाई खाजा तथा ईन्धन स्वरुप एकमुष्ठ मासिक रु.५०००।

३) अस्थायी प्रहरी पोष्ट खाल्टे, देवघाट, २ लाई खाजा तथा ईन्धन स्वरुप एकमुष्ठ मासिक रु.५०००।

४) नगर प्रहरीहरु ४ जनालाई थप खाजा स्वरुप एकमुष्ठ मासिक रु.४०००।

प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष